annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २७६, पृष्ठ १० | काठमाडौं, शुक्रबार १ फागुन २०८२ | फाल्गुण कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४६ | FRIDAY, FEBRUARY 13, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## पाठक पत्र

# हामीलाई भोट हाल्न दिइयोस्

आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा म जस्ता हिमाली भेगका मतदाताको मनमा खुल्दुली बढिरहेको छ। हामी कसरी मतदान गर्न गाउँ पुग्ने ? म हुम्ला जिल्लाको नाम्खा गाउँपालिका-६, जगडगाउँको स्थायी बासिन्दा हुँ। अहिले जाडो छल्न र जीविकोपार्जनका गर्न कहिले जिल्ला सदरमुकाम, कहिले सुर्खेत कहिले काठमाडौं ओहोरदोहोर गरिरहेको छु। हिउँले ढाकेर जाडोले मेरो गाउँमा फाट्टफुट्टबाहेक कोही बस्दैनन् अहिले। हामी जस्तै उच्च हिमाली थुप्रै गाउँका समस्या यही हो।

हाम्रो वडामा कुल ६ सय ७२ मतदाता छन्। तर, तीमध्ये करिब ८० प्रतिशत मतदाता रोजगारी, शिक्षा र स्वास्थ्यका कारण सुर्खेत, नेपालगञ्ज, काठमाडौं तथा भारतलगायत स्थानमा बसोबास गरिरहेका छन्। मतदाता धेरैजसो बाहिर छन्।

हाम्रो मतदान केन्द्र बृकुटी माध्यमिक विद्यालयमा तोकिएको छ। जुन गाउँबाट करिब आधा घण्टाको पैदल दूरीमा पर्छ। अहिले उक्त गाउँ हिउँले पुरिएको छ। सामान्य अवस्थामा पनि हिमाली भूगोलका कारण त्यो दूरी सहज मानिँदैन। अहिले त झन् हिउँ परिरहेको छ। हामीले मतदान केन्द्रसम्म पुग्न करिब ५ हजार १ सय मिटर उचाइको लेक काट्नुपर्ने हुन्छ। कठोर चिसो, हिमपात, हावाहुरी र जोखिमपूर्ण बाटो पार गर्दै मतदानमा सहभागी हुनु सामान्य कुरा होइन। गाउँमा बसोबास गर्ने थोरै मानिसका लागि पनि यो यात्रा चुनौतीपूर्ण छ भने बाहिर रहेका मतदाताका लागि झन् कठिन छ।

काठमाडौंबाट गाउँ पुग्न एक/दुई दिनको यात्रा पर्याप्त हुँदैन। हवाई टिकटको व्यवस्था, मौसमको अनिश्चितता, त्यसपछि सडक र पैदल यात्रा–यी सबै जोड्दा आर्थिक, शारीरिक र मानसिक रूपमा ठूलो तयारी आवश्यक पर्छ। अधिकांश हिमाली नागरिक दैनिक मजदुरी, साना व्यवसाय वा अस्थायी रोजगारीमा आश्रित छन्। केवल मतदानका लागि यति ठूलो खर्च र जोखिम वहन गर्नु सबैका लागि सम्भव हुँदैन। तर, मतदान हाम्रो संवैधानिक अधिकार मात्र होइन, कर्तव्य पनि हो। यही दायित्व र भौगोलिक यथार्थबीच हामी अलमलमा छौं।

हाम्रो जस्तो दुर्गम बस्तीमा जनसंख्या घट्दै जानुको मूल कारण नै आधारभूत सेवाको अभाव हो। शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारको कमीले गर्दा गाउँका युवा बाहिरिन बाध्य भएका छन्। आज अवस्था यस्तो छ कि गाउँमा मतदाता कम, तर मतदाता सूचीमा नाम भएका अधिकांश नागरिक सहरमा छन्।

यस्तो अवस्थामा निर्वाचन आयोग र राज्यले हिमाली क्षेत्रका मतदाताको विशेष परिस्थितिलाई सम्बोधन गर्नुपर्ने आवश्यकता देखिन्छ। अस्थायी बसोबास गर्ने स्थानबाट मतदान गर्न पाउने व्यवस्था, अग्रिम मतदान, वा वैकल्पिक मतदान प्रणालीबारे सोच्न जरुरी छ।

म स्वयं मतदानमा सहभागी हुन चाहन्छु। हामी भोट हाल्न चाहान्छौं। लोकतन्त्रमा हाम्रो आवाज मतमार्फत व्यक्त हुन्छ भन्नेमा मेरो विश्वास अडिग छ। तर, प्रश्न उठ्छ–हुम्लाको विकट गाउँसम्म कसरी पुग्ने ? के मौसमले साथ देला ? यो प्राकृतिक रूपमा प्रतिकूल समयमा के समय मिल्ला ? यी सबै प्रश्नहरूको उत्तर सहज छैन। त्यसैले हिमाली जिल्लाका मतदाताको अवस्था बुझेर सरकारले नै समाधान खोज्नुपर्छ।


निर्वाचनलाई सबैका लागि समान रूपमा पहुँचयोग्य बनाउनु लोकतान्त्रिक राज्यको दायित्व हो। भौगोलिक विकटता हाम्रो कमजोरी होइन, यो हाम्रो पहिचान हो। तर, यही पहिचानका कारण लोकतान्त्रिक प्रक्रियाबाट टाढा हुनुपर्ने अवस्था आउनु दुःखद हुनेछ। आगामी फागुन २१ गतेको निर्वाचनमा सहभागी हुन हामीले ठूलो संघर्ष गर्नुपर्ने देखिन्छ। त्यसैले हिमाली भेगका मतदाताको वास्तविकता बुझेर सहज र सुरक्षित रूपमा मतदानमा सहभागी गराउनका लागि विकल्प खोजियोस्। आशा छ, निर्वाचन आयोग र प्रधानमन्त्री ज्यूबाट हाम्रो जस्तो बस्तीको आवाज बुझेर उपयुक्त निर्णय हुनेछ। धन्यवाद।

**– कोन्जोक छोपेल तामाङ**
नाम्खा गाउँपालिका-६,
जगडगाउँ, हुम्ला

आवरण समाचार



हिउँले अस्तव्यस्त हुम्लाको नाम्खा गाउँ। ● अन्नपूर्ण



नाम्खा गाउँपालिका
६ वडा कार्यालय
लिमि, हुम्ला
कर्णाली प्रदेश नेपाल।

पत्र संख्या : २०८२।०८३
चलानी नं : १६५

मिति २०८२/१०/२२

श्री जिल्ला निर्वाचन कार्यालय
सिमिकोट हुम्ला ।

विषय दोस्रो चरणको निर्वाचनमा सार्ने बारे ।

प्रस्तुत विषयमा यस नाम्खा गाँउपालिका वडा न. ०६ मा यहि मिति २०८२/११/२१ गते हुने निर्वाचनलाई मध्यनजर गरि यस वडाका मतदाता बासीहरु मौसम प्रतिकुल तथा विविध कारण हाल जिल्ला बाहिर भएकोले यस वडाको निर्वाचन दोस्रो चरणको निर्वाचन मितिमा सारिदिन हुँन सिफारिस साथ अनुरोध गरिनछ ।

पाल्जोर तामाङ
वडा अध्यक्ष

## हुम्लाले गरायो सरकारको ध्यानाकर्षण

# ‘या त बाटो खोलिदिनुपर्‍यो, नभए चुनाव दोस्रो चरणमा सार्नुपर्‍यो’

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

हुम्लाको उत्तरी भेग नाम्खाको वडा नम्बर ६ ले गत आइतबार जिल्ला निर्वाचन कार्यालय र प्रशासन कार्यालयलाई दुई छुट्टाछुट्टै पत्र लेख्यो। प्रतिकूल मौसम र हिमपातका कारण न्यालु लेकको बाटो बन्द भएको र मौसमका कारण मतदाता जिल्ला बाहिर रहेको उक्त वडाले जिल्ला निर्वाचन कार्यालयलाई जानकारी गराएको छ। त्यसैकारण ‘या त न्यालु लेकको बाटो खोलिदिन वा दोस्रो चरणमा मात्रै आफ्नो गाउँमा मतदान गराउने व्यवस्था गरिदिन’ वडाध्यक्ष पाल्जोर तामाङले पत्र लेखेका हुन्।

बाक्लो हिमपात र प्रतिकूल मौसमका कारण लिमी क्षेत्रमा फागुन २१ गते मतदान गर्न कठिन भएको स्थानीयको भनाइ छ। लगातारको हिमपातका कारण नारा लेक र न्यालु लेक क्षेत्र पूर्णरूपमा अवरुद्ध भएकाले आवतजावत पूर्णरूपमा बन्द भएको छ। बाटो बन्द हुँदा न उम्मेदवार मत माग्न गाउँ पुग्न सकेका छन्, न त जाडो छल्न जिल्ला बाहिर गएका मतदाताहरू गाउँ फर्किन सकेका छन्।

नाम्खा गाउँपालिकाका स्थानीय मिम लामाले हिउ पर्ने समयमा सरकारले निर्वाचन गराउन खोजेर स्थानीयलाई सास्ती दिएको बताउँछन्। मतदान गर्नका लागि हिमपातका कारण पैदल बाटो सहज नभएकाले हवाई सेवाको व्यवस्थाा सरकारले गर्नुपर्ने उनले बताए। ‘नत्र त हाम्रो ठाउँमा निर्वाचन नै दोस्रो चरण सार्नुपर्छ,’ लामाले भने।

लिमी, तिल, जाङ र हल्जी गाउँ समेटिएको नाम्खा गाउँपालिका-६ मा ६ सय ७२ मतदाता छन्। निर्वाचन आयोगले उक्त क्षेत्रमा तीनवटा मतदानस्थल तोकेको छ। उक्त वडाका ८० प्रतिशत मतदाता काठमाडौं, सुर्खेत, नेपालगञ्ज तथा भारतका विभिन्न स्थानमा छन्। हुम्लाका समाजसेवी अर्जुन महतराले जाडो बढेसँगै हरेक वर्ष झैं यसपटक पनि धेरै स्थानीय परिवारसहित अस्थायी रूपमा जिल्ला बाहिर गएको बताए। भारी हिमपातका कारण उनीहरूलाई गाउँ फर्किन निकै कठिन छ,’ उनले भने, ‘निर्वाचनकै बेला हिमपात भयो भने त निर्वाचन पनि कसरी होला ?’

नाम्खा गाउँपालिका-६ का वडाध्यक्ष पाल्जोर तामाङले हिमपातले निर्वाचन सम्पन्न गर्न असहज भएकाले वडा कार्यालयबाट निर्वाचन कार्यालयलाई मोटरबाटो खोलीदिन पत्र लेखेको बताए। उनका अनुसार नारा र न्यालु लेक क्षेत्रमा बाक्लो हिउँ जमेकाले आवागमन पूर्ण रूपमा ठप्प छ।

‘हाम्रो वडामा ६ सय ७२ मतदाता छन्,’ उनले भने, ‘तर हाल गाउँमै कति जना उपस्थित छन् भन्ने यकिन छैन। अधिकांश मतदाता जिल्ला बाहिर छन्।

» बाँकी पृष्ठ २

## हिमाली जिल्लामा प्रधानमन्त्रीको विशेष चासो



**सोलुखुम्बु** (अन्नपूर्ण) : प्रधानमन्त्री सुशीला कार्कीले हिमाली र पहाडी जिल्लाहरूमा समेत आगामी फागुन २१ गते नै निर्वाचन सम्पन्न गर्न सकिने अवस्था रहेको स्पष्ट पारेकी छिन्।

निर्वाचनको तयारी, सुरक्षा व्यवस्थापन र भौगोलिक चुनौतीको स्थलगत मूल्यांकनका लागि बिहीबार सोलुखुम्बु पुगेकी प्रधानमन्त्री कार्कीले जिल्लास्थित सुरक्षा निकाय, प्रशासन र सरोकारवालासँगको छलफलपछि सोलुखुम्बुसहित सबै हिमाली जिल्लामा तोकिएकै मितिमा निर्वाचन सम्भव रहेको निष्कर्ष सार्वजनिक गरेकी हुन्। नाम्चे हुँदै सदरमुकाम सल्लेरी आइपुगेकी प्रधानमन्त्री कार्कीले पत्रकारहरूसँग कुराकानी गर्दै कुनै पनि बहानामा निर्वाचन सार्ने अवस्था नरहेको बताइन्।

उनले भनिन्, ‘देश लामो समयदेखि अस्थिरताको चक्रमा फसेको छ। त्यसबाट बाहिर निस्कन फागुन २१ को निर्वाचन अपरिहार्य छ। हिमाली भेगका चुनौतीहरूलाई मध्यनजर गर्दै सरकारले आवश्यक सबै तयारी गरिसकेको छ।’

» विस्तृत पृष्ठ २

# ६१ वर्ष माथिका उम्मेदवार १२ प्रतिशत

**केशरराज क्षेत्री** | *बुटवल*

फागुन २१ गते निर्धारित प्रतिनिधिसभा निर्वाचनमा १२ दशमलव ४७ प्रतिशत उम्मेदवार ६१ वर्ष माथिका छन्। १ सय ६५ निर्वाचन क्षेत्रका लागि ३ हजार ४ सय ६ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। तीमध्ये ४ सय २५ जना उम्मेदवार ६१ वर्ष उमेर माथिका हुन्।

४१ देखि ६० वर्षसम्मका १ हजार ९ सय २५ अर्थात् ५६ दशमलव ५१ प्रतिशत छन्। युवा उम्मेदवारको रूपमा रहेका २४ देखि ४० वर्षसम्मका १ हजार ५६ अर्थात् ३१ प्रतिशत छन्। देशभरका उम्मेदवारहरूको तथ्यांक केलाउँदा अझै पनि युवालाई उम्मेदवार बनाउनेतर्फ पार्टीहरूले ध्यान दिएका छैनन्।

४१ काटेका र ८० वर्षसम्मका पाका उम्मेदवारहरूको यसपालि पनि हालिमुहाली छ। पार्टीभित्र जहिल्यै चल्ने गरेको पुस्तान्तरणको मुद्दाले अझै मूर्तरूप पाउन सकेको छैन। वर्षौंदेखि संसदीय चुनाव लड्दै आएका नेताहरू यसपालि पनि चुनावी दौडधुपमा छन्।

कांग्रेसभित्र गगन थापा पक्षधरको विद्रोहले केही पाका नेता यसपालि चुनाव लड्न पाएनन्। अझै पनि पार्टी सभापति दाबी गर्ने शेरबहादुर देउवासहित दिलेन्द्र बडु, प्रकाशमान सिंह,



मीनबहादुर विश्वकर्मा, रामनाथ अधिकारी, विश्वप्रकाश शर्माले चुनाव लडेनन्।

कांग्रेसका नेता विजयकुमार गच्छदार ७२ वर्षका भए। सुनसरी दुहवी नगरपालिका पचिरा निवासी उनी सुनसरी निर्वाचन-३ बाट चुनाव लडेका छन्। पूर्वउपप्रधानमन्त्रीसमेत रहेका गच्छदार अहिले आठौं पटक चुनाव लड्दैछन्। २०४८ सालदेखि उनी निरन्तर चुनाव लडिरहेका छन्। संसदीय राजनीतिका चतुर खेलाडीको रूपमा चिनिने उनी २०७९ को निर्वाचनमा पहिलो पटक एमालेकी भगवती चौधरीसँग पराजित भएका थिए।

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली ७४ वर्षका भए। झापा ५ बाट उनले निरन्तर चुनाव जितेका छन्। उनीसँगको प्रमुख प्रतिस्पर्धामा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साह चुनावी मैदानमा छन्।

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल (प्रचण्ड) पूर्वीरुकुमबाट चुनावी प्रतिस्पर्धामा छन्। भरतपुर महानगरपालिका चितवन निवासी दाहाल ७० वर्षका भए। बीएससी (एजी) पढेका प्रचण्ड निर्वाचन क्षेत्र फेरिफेरि निरन्तर चुनाव लडिरहेका छन्। सुरक्षित जिल्ला खोज्दै उनी यसपालि तत्कालीन माओवादीको आधार क्षेत्र मानिने रुकुमपूर्व पुगेका हुन्। प्रचण्डसँगको प्रतिस्पर्धामा एमालेका सिस्ने गाउँपालिका निवासी ३८ वर्षीय युवा नेता लीलामणि गौतम छन्। उनले स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन्।

गुल्मी निर्वाचन क्षेत्र नम्बर १ बाट निरन्तर चुनावी प्रतिस्पर्धामा रहेका एमाले नेता प्रदीपकुमार ज्ञवाली र कांग्रेसका नेता डा. चन्द्रकान्त भण्डारी एउटै उमेरका छन्। दुवै जना ६४ वर्षका भए। उनीहरूबीच यस निर्वाचन क्षेत्रमा सौहार्दपूर्ण प्रतिस्पर्धा हुने गर्छ। ज्ञवालीको शिक्षा स्वअध्ययन हो भने भण्डारीले पीएचडी गरेका छन्।

» बाँकी पृष्ठ २

# एडीबीको दक्षिण एसिया विभागको महानिर्देशकमा सोना श्रेष्ठ नियुक्त

**काठमाडौं** (अन्नपूर्ण) : एसियाली विकास बैंक (एडीबी)ले दक्षिण एसिया विभागको महानिर्देशकमा सोना श्रेष्ठलाई नियुक्त गरेको छ। एडीबीका अनुसार श्रेष्ठलाई बंगलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल र श्रीलंकामा एडीबीका रणनीति तथा कार्यक्रमहरूको विकास र कार्यान्वयनको नेतृत्व गर्ने गरी नियुक्त गरिएको हो।

नियुक्तिपछि प्रतिक्रिया दिँदै महानिर्देशक श्रेष्ठले भनिन्, ‘दक्षिण एसिया विभागको महानिर्देशकको जिम्मेवारी पाउनु मेरो लागि सम्मानको विषय हो। समावेशी र दिगो विकासलाई थप मजबुत बनाउन यस क्षेत्रका विकासशील सदस्य राष्ट्रहरूसँग नजिकबाट सहकार्य गर्न पाउँदा उत्साहित छु।’

श्रेष्ठ विकास क्षेत्रकी अनुभवी नेतृत्वकर्ता हुन्। उनीसँग २७ वर्षभन्दा बढीको व्यावसायिक अनुभव छ, जसमध्ये २३ वर्ष एडीबीमै बिताएकी छन्। यसअघि उनी दक्षिण एसिया विभागको उपमहानिर्देशकका रूपमा कार्यरत थिइन्। त्यसअघि उनले एडीबीको स्वतन्त्र मूल्यांकन विभागको उपमहानिर्देशक, सहायक सचिव, दक्षिणपूर्वी एसियाको वित्तीय क्षेत्र तथा व्यापार



विभागकी निर्देशक, तथा इन्डोनेसियाका लागि उपदेश निर्देशकको जिम्मेवारी सम्हालेकी थिइन्।

एडीबीमा आफ्नो प्रारम्भिक करियरका क्रममा उनले केन्द्रीय तथा पश्चिम एसिया, दक्षिण एसिया र दक्षिणपूर्वी एसियामा सञ्चालन हुने विभिन्न विकास कार्यक्रमहरूमा व्यापक अनुभव हासिल गरेकी छन्। श्रेष्ठले अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि तथा स्नातकोत्तर उपाधि हासिल गरेकी छन्। उनले म्यासाचुसेट्सस्थित स्मिथ कलेजबाट अर्थशास्त्रमै स्नातक अध्ययन पूरा गरेकी हुन्।